# मोलुङ गाउँपालिकाको

# गाउँसभामा अध्यक्ष श्री मणि राज राई

# द्वारा प्रस्तुत

# आर्थिक वर्ष २०७४/७५को

# नीति तथा कार्यक्रम

## मोलुङ गाउँपालिका

प्राप्चा, ओखलढुंगा

१ नं. प्रदेश, नेपाल

**मोलुङ गाउँपालिकाको पहिलो गाउँसभाका प्रमुख अतिथि, विशेष अतिथि, उपस्थित सम्पुर्ण अतिथिगण, गाउँसभाका सदस्यज्यूहरु, सम्पुर्ण कर्मचारीहरु, पत्रकार मित्र तथा उपस्थित सम्पुर्ण बुबा, आमा, दाजु भाई तथा दिदी वहिनीहरु,**

१) नेपालको संविधानको मर्म अनुसार संघीय संरचना अनुरुप स्थानीय तहको निर्वाचन सम्पन्न भएपछि मोलुङ गाउँपालिकाको गरिमामय गाउँसभामा आ व २०७४/७५ को निति तथा कार्यक्रम प्रस्तुत गर्न पाएकोमा अत्यन्तै खुशी लागेको छ। यस अवसरमा नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक बनाउनका लागि विभिन्न कालखण्डका ऐतिहाँसिक बलीदानीपुर्ण आन्दोलन, शशस्त्र आन्दोलन, मधेश लगायतका आन्दोलनमा अमुल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहिदहरुको त्याग र वलिदानको उच्च सम्मान गर्दै शहिदहरुप्रति हार्दिक श्रदान्जली अर्पण गर्न चाहन्छु।

२) संवैधानिक प्रावधान बमोजिम विगतको स्थानीय निकायबाट स्थानीय तहको सरकारमा रुपान्तरण हुँदै गर्दा हामी नेपालको इतिहासमा नयाँ युगमा प्रवेश गरेका छौं। सबै प्रकारका विभेद र असमानताको अन्त्य गर्दै न्यायपुर्ण सामाजिक समावेशिकरणको मुल्य र मान्यतालाई स्थापित गर्दै सबैलाई समान अधिकार, समान अवसर र समान मर्यादा प्रदान गरेको कुरा यस गाउँसभाको बनौटले समेत पुष्टि गरेको छ। राजनैतिक अधिकार सहित स्थापित स्थानीय तहलाई आगामी दिनमा जनताको नजिकको सरकारको रुपमा संविधानको परिकल्पना अनुरुप सामाजिक न्याय र समुन्नत समाजको लक्ष्यमा पुग्न यस गाउँपालिकालाई आर्थिक समृदिको केन्द्रको रुपमा स्थापित गर्नुपर्नेछ।

३) **मोलुङ गाउँपालिकाका** सचेत मतदाताले दिएको अभिमत अनुरुप सहमति, सहकार्य र सहभागिताको भावनालाई आत्मसात गर्दै आर्थिक सामाजिक विकास, सार्वजनिक सेवा प्रवाह, आर्थिक अनुशासन र सुशासन प्रबर्द्धनका कार्यक्रमहरुलाई उच्च प्राथमिकतामा राख्दै कृषि, पर्यटन तथा रोजगारीको माध्यमबाट सुन्दर र समुन्नत

मोलुङ गाउँपालिकाको पहिचान स्थापित गर्नुपर्नेछ। जनतालाई सुशासन प्रत्याभुत गर्दै जनताको घर दैलोमा सेवा पुऱ्याउन सकेमात्र लोकतन्त्रले सार्थकता पाउने मान्यतामा उभिएर यो गाउँपालिका अधिकार सम्पन्न स्थानिय सरकारको रुपमा स्थापित गर्ने छौ भन्ने कुरामा यहाँहरुलाइ विस्वास दिलाउन चाहन्छु ।

४) नेपालको संविधानले निर्दिष्ट गरेका अधिकारहरुको व्यापक र प्रतिफलयुक्त अभ्यास गर्दै स्थानीय तहको सरकारलाई शसक्त, र सवल रुपमा विकास गराउनु पर्दछ भन्ने माग समेत गर्दै आफुलाई सोही वाटोमा अगाडी वढ्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

५) विगतमा जनप्रतिनिधिविहिन अवस्थामा जनताका माग, आवश्यकता र अपेक्षाको उचित सम्बोधन गर्दै स्थायी सरकारको रुपमा कार्य गरी अनवरत रुपमा सेवा प्रदान गर्नुभएका कर्मचारी वर्गप्रति सम्मान गर्दै उहाँहरुको मनोवललाई उच्च राखि अझ प्रभावकारी ढंगबाट सेवा प्रदान गर्न कर्मचारी वर्गलाई उत्प्रेरित हुन अपिल गर्दछु ।

६) आर्थिक वर्ष २०७४/०७५ का लागि नीति तथा कार्यक्रम तयार गर्दा नेपालको संविधानको मर्म र भावना, मोलुङ गाउँ कार्यपालिका तथा गाउँसभा बाट पारित नियमावली तथा कार्यविधिहरु, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका,२०७४ तथा प्रचलित कानून र मापदण्ड बमोजिम आर्थिक वर्ष २०७४/०७५ मा साविकका गाउँ परिषदबाट पारित कार्यक्रमलाई मूल आधार मानिएको छ।

आदरणीय सदस्यज्यूहरु,

अव म विभिन्न विषयक्षेत्रगत रुपमा तयार गरिएका नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

## आर्थिक विकास

कृषि क्षेत्रको विकासका लागि वैज्ञानिक र व्यवसायिक खेति प्रणाली अवलम्बन गरिनेछ। पकेट क्षेत्र तथा कृषि व्लक निर्धारण गरि कृषिलाई विविधिकरण र व्यवसायिकरण गरिनेछ। अदुवा, राज्मा, आलु, प्याज, बेमौसमी टमाटर, अलैंची, रुद्राक्ष, कागती लगायतका उत्पादनको विशेष क्षेत्र तोकि कार्यक्रम संचालन गरिनेछ।

व्यवसायिक पशुपालन, मासु उत्पादन, दुग्ध तथा पोल्ट्री जन्य वस्तुको उत्पादनलाई प्रोत्साहन गरिनेछ।

जडिबुटि खेतिलाई प्रोत्साहन गरिने छ । साथै, आधुनिक जडिवुटी प्रशोधन केन्द्र स्थापनाको लागि पहल गरिने छ ।

पर्यटन मार्फत आर्थिक विकासका लागि पर्यटकिय क्षेत्रको पहिचान, संरक्षण र विकास गरिनेछ। विभिन्न धार्मिक क्षेत्रहरुको पहिचान गरि उक्त क्षेत्रहरुलाई संरक्षण गर्दै पर्यटकिय क्षेत्रको रुपमा पहिचान स्थापित गरिनेछ।

## सार्वजनिक सेवा तथा क्षमता विकासः

सार्वजनिक सेवा प्रवाहमा विद्युतिय प्रविधिको अवलम्वन गरि द्रुत सेवा र प्रभावकारी अभिलेख व्यवस्थापनमा जोड दिइनेछ।

"सेवाग्राही प्रतिको सम्मान असल शासनको पहिचान" भन्ने मुल मर्म अनुरुप भौतिक संरचना सुधार गर्दै प्रविधिमैत्री सेवा सुचारु गरिनेछ। सेवाप्रवाहमा बालवालिका, जेष्ठ नागरिक, पिछडिएको समुदाय तथा फरक क्षमता भएका व्यक्तिहरुलाई विशेष ग्राह्यता दिइनेछ।

वजार व्यवस्थापन, घरेलु उद्योग तथा व्यवसाय प्रवर्द्धनका लागि आवश्यक पुर्वाधार तयारीमा जोड दिइनेछ। गाउँपालिकाका मुख्य केन्द्रहरुमा हाट वजार व्यवस्थापन, कालोबजारी नियन्त्रण तथा अत्यावश्यक वस्तु तथा सेवाको उपलब्धताका लागि स्थानीय सरोकारवाला सर्वपक्षिय प्रतिनिधि सम्मिलित समिति गठन गरि अनुगमन र नियमन गरिनेछ।

श्रमको सम्मान, उचित ज्यालादर निर्धारण, वालश्रमको पुर्ण रुपमा अन्त्यका लागि उचित पहल गरिनेछ ।

नागरिक वडापत्र सहितको भित्तेपात्रो प्रकाशन, सामाजिक सुरक्षा भत्तालाई बैङ्किङ प्रणालिसँग आवद्ध गर्ने प्रयास गरिनेछ। भ्रष्ट्राचारजन्य क्रियाकलाप प्रति शुन्य सहनशिलताको अवधारणा मार्फत सुशासनको प्रत्याभुति गरिनेछ।

आवश्यकताको पहिचान गरि नागरिकका लागि कम्युटर, सिलाईकटाई, हस्तकला, कुकिङ, मोबाईल तथा कम्युटर मर्मत, लगायतका सीपमुलक तथा रोजगारमुलक तालिम संचालन गरिनेछ।

**सामाजिक विकासः**

"सामाजिक विकासको आधार शैक्षिक गुणस्तरमा सुधार" भन्ने मान्यतालाई आत्मसात गर्दै नेपालको संविधानले सुनिश्चित गरे अनुसार माध्यमिक तहसम्मको शिक्षालाई गुणस्तरीय बनाउन पहल गरिनेछ । सम्पुर्ण विद्यालयको भौतिक पुर्वाधार विकासमा जोड दिइनेछ।

व्यवसायिक तथा प्राविधिक शिक्षालाय स्थापनाको लागि आवश्यक पहल गरिनेछ। गरिव तथा विपन्न विद्यार्थीहरुलाई शैक्षिक सामाग्रीको व्यवस्था तथा छात्रबृत्तिको व्यवस्था गर्न निश्चित कोष स्थापना गरि संचालन गरिनेछ।

जेष्ठ नागरिकको सम्मान समाज र संस्कार प्रतिको सम्मान भएकोले जेष्ठ नागरिकहरुको लागि सम्मान तथा अपाँगहरुको लागि सम्मान तथा शसक्तिकरण कार्यक्रम संचालन गरिनेछ ।

लैङ्गिक समानता र सामाजिक समाबेशिकरण प्रवर्द्धनका लागि वितरणकारी पुनर्वितरणकारी न्यायको मान्यता अवलम्बन गरिनेछ। लैङ्गिक हिंसा अन्त्य, वालविवाह न्युनिकरण तथा सामाजिक विभेद अन्त्यका लागि सचेतना तथा कानुनी सहायता कक्षाहरु संचालन गरिनेछ।

वालवालिकाहरुको हकहित संरक्षण गर्दै उनीहरुको चौतर्फी विकासको लागि विभिन्न वालमैत्री कार्यक्रम सञ्चालन गर्न सम्बन्धित सबै पक्षहरुसँग सहकार्य गरिने छ।

सार्वजनिक, निजी तथा सहकारी क्षेत्रसँगको सहकार्य र साझेदारीमा कार्यक्रमहरु संचालन गरिनेछ। कार्यक्रमहरु नागरिकका आवश्यकता अनुरुपका कार्यक्रमहरुमा समावेशिता र समताको मर्म अनुरुप संचालन गरिनेछ ।

**पुर्वाधार विकासः**

गुणस्तरीय स्थानीय पुर्वाधार राष्ट्र निर्माणको मुल आधार भन्ने नारालाई आत्मसात गरी यस आर्थिक वर्षमा संचालन गरिने योजनाहरु टोल वस्ती स्तरबाट छनौट गरि ल्याइएको छ।

कृषि, खानेपानी तथा सरसफाई, गरिबी न्युनीकरण, सिँचाई, रोजगारमुलक उद्यमको विकास, वस्तिसम्म सडक विस्तार तथा स्तरोन्नतीकरण लगायत पर्यटन प्रवर्द्धनका कार्यक्रमहरुलाई जोड दिईनेछ। गाउँपालिकाको केन्द्र र वडा कार्यालय जोड्ने नया सडक संजाल विस्तार गरिने छ । सडकहरुलाई नियमित सुचारु गर्ने गरि यातायात संचालनको लागि पहल गरिनेछ।

खेलकुद विकासको लागि रामपुरमा खेल मैदान निर्माणको कार्य आरम्भ गरिने छ ।

यस गाउँपालिको आफ्नै पर्याप्त श्रोत साधन नभई प्रान्त तथा केन्द्रमानै निर्भर भई योजना संचालन गर्नुपर्ने बाध्यता रहेको हुँदा हामीले तपशील बमोजिमका योजनालाई अल्पकालिन तथा दिर्घकालिन रुपमा सम्वोधन गर्न प्रान्तिय तथा केन्द्रिय सरकार समक्ष अनुरोध गर्ने निर्णय गरेका छौ ।

१) गाउँपालिका स्तरीय रिङ रोड २) जलजलेश्वर मन्दिर ३) कुन्तादेवी मन्दिर ४) सेप्ली झरनाको पर्यटकिय क्षेत्र विकास ५) सेप्ली रांगादिप सिंचाई आयोजना ६) रामपुरमा कभर्ड हल सहितको व्यवस्थीत खेल मैदान ७) झोलुङ्गे पुल मोटरेवल पुलको निर्माण तथा गाउँपालिका सवै सडकहरुको स्तरोन्नती ८) ओखलढुंगा रामपुर प्राप्चा श्रीचौर सडक कालोपत्रे ९) रामपुरमा भौतिक पुर्वाधार सम्पन्न प्राविधिक शिक्षालय १०) सोलाखर्कमा नेपाल टेलिकमको टावर निर्माण ११) मोलुङ हाईड्रोवाट उत्पादित विजुली गाउँपालिकाका सबै वाडहरुमा विस्तार तथा वितरण १२) सोलु ठाडे रांगादिप श्रीवानी रामपुर ओखलढुंगा जोड्ने सडक निर्माण १३) कुन्ती खोला सिंचाई आयोजना १४) पोक्तीङ झगरपुर सिंचाई सुरङ मार्ग

१५) मोलुङ खोला चौंथो जलविद्युत आयोजना १६) जिरो पईन्ट देखि मान्द्रे दोभान कुन्तादेवी सडक कालोपत्रे १७) वडा नं १ मा शहिद पार्क निर्माण १८) ढुस्के र कुन्तादेवीको लागि लेवे खानेपानी व्यवस्थापन १९) थान ढुंगा पर्यटकिय क्षेत्र विस्तार २०) काफलवोट ढुस्के लामिडाँडा रामपुर सडकको स्तरोन्नती २१) श्रीचौर खोलाखर्क पात्ले तालकोट सडक निर्माण २२) राँगादिप पोखेरी खोला साविक राँगादिप गा वि स खानेपानी योजना २३) प्राप्चा ककनी मन्दिर जाने सडक निर्माण २४) प्राप्चा तीनतले पर्यटन क्षेत्र विकास **वडा नं ३,४ र ६ मा पर्ने तीनतलेमा भ्यु टावर,पिकनिक हल साथै रिसोर्ट को निर्माण** २५) प्राप्चा हर्कपुरलाई कफि पकेट क्षेत्रको रुपमा विकास २६) गुरुकुलको लागि १८ कोठे भवन २७) वडा नं ४ को वडा कार्यालय हुँदै तीनतले जोड्ने सडक निर्माण २८) रामपुर जरायोटार ढाँडवेसी व्यवस्थित सहरी वस्ति विकास एवं अन्य स्थानमा व्यवस्थित वस्ति विकास २९) जलजले त्रिवेणीधाम पर्यटकीय क्षेत्र विकास ३०) शिवदुती मा वि लाई प्राविधिक शिक्षालयको रुपमा स्तारोन्नती ३१) मोलुङ गाउँपालिका वडा नं ४ हर्कपुरमा गुम्वा निर्माण ३२ रुपेटार हुँदै जरायोटार घलेगाउँ सडक स्तरोन्नती **३३) सरस्वती मा.वि. बुङ्गनाम स्तर उन्नती साथै प्राविधिक शिक्षाका लागी पेश गर्ने ।३४) पसल डांडा धमला गाँउ हुँदै मरयाङ सम्म मोलुङ्ग एकवार रोडमा जोड्नका लागी पेश गर्ने । ३५)साईटार धर्गेनी सिंचाई योजना,गत भुकम्पबाट क्षतिग्रस्त भएकोमा पुन सिंचाइ कुलो निर्माणको लागी पेश गर्ने । ३६) पसलडाँडा वार्ड नं २,३,४,९ हुँदै साईटार धगेर्नी सिंचाई कुलो साथै रोड राम्पुर क्याम्पस वा सहिद पार्कको लागी निमार्ण का लागी पेश गर्ने । ३७) ढकालगांउ पुवार फागुनेटार हुँदै लिपेदोभानबाट च्यानम जोड्ने सडकको स्तर उन्नती गर्ने ।३८)फागुनेटार माल्दीप सिंचाई योजना निर्माणका लागी पेश गर्ने । ३९)कुन्तादेवी पाखाघर गहते खा.पा. को लागी ३ घन मिटरको ट्याङकी निर्माण**

साथै फलाटे कुलो निर्माणको लागी क्षेत्र तथा केन्द्रका लागी पेश गर्ने ।४०)थानीढुङ्गा (झाँकी ओडार) स्थलका लागी रामपुर सिरानबाट ट्याङ्की देखि सिंडी निमार्ण,ढुस्के भञ्ज्याङ्ग देखी थानी ढुङ्गा (झाँकी ओडार) सम्म सिंडी तथा गोरेटो बाटो निर्माण ४१) ओडार खानेपानी योजना,सा.वि.क प्राप्चा वडा नं २ को गडी भुलभुलेको पानी वडा नं ३ र ५ सम्म विस्तार ४२)पोक्तिङ भोगटीनी सिंचाई सुरुङमार्ग ४३)काफलबोट ढुस्के भोगटिनी रामपुरबाटो पिच  ४४)ड्याम्के खोलाबाट मोलुङ-०२ लामीडाँडा चौलाबोट वार्ड नं १ को झगरपुर साईटार साउने डडुवा खानेपानी योजना, मोलुङ गाउँ पालिका स्तरीय खेलमैदान स्तरोन्नती ४६) मोलुङ्ग-२ को कुडार कुलो ढलान ।४७) भोगटीनी कुलो ढलान ४८) व्याडे कुलो( व्याजगरा) कुलो ढलान ४९) वेठी कुलो (व्याजगरा) कुलो ढलान ५०)वेठीकुलो टेकनपुर कुलो ढलान,मोलुङगरा सिंचाई योजना र्ममत तथा दोस्रो जलबिधुत मर्मत ५१) गणेश मा.वि. ढुस्के घेरा बारा र खेलमैदान ५२)स्वास्थ्य चौकी हुँदै जनसहयोग आ.व. पत्करी हुँदै मंसिर गुम्बा तिनतले देखी ककनी देवी थान सम्मको योजना ५३) सेलेलेबाट चेप्टे विच हुँदै माथिल्लो मोलुङ खोला हुँद दुव्ले विधालय देखी चुलीसम्मको बाटो ५४)कालिका मन्दिर निर्माण ५५) घ्योछिङ छोयलिङ गुम्वा ५६) खेलकुद मैदान निमार्ण श्रीचौर र प्राप्चा । ५७)थुम्की ,सा.वि.क को हर्कपुर वडा नं ६ र सा.वि.क श्रीचौर ९ मा जडिबुटि प्रशोधन केन्द्र स्थापना गर्ने । ५८) दिप सामुदायिक स्मृति भवन निर्माण ५९) चम्पादेवी विधालयलाई आर्युवेद,खाध प्रविधि र पर्यटन विषयको अध्यापन गराउनका लागी व्यवस्थापन गर्ने । ६०) वडा नं ३ को टार,फुयलगाँउ,सुनुवार गाउँ र वडा नं ५ मा व्यवस्थीत शहरको स्थापना ६१) मोलुङ्ग गाउंपालिका स्तरीय महिला भवन(सेभ हाउस) निर्माण । ६२) वडा नं ५ मा हेल्थ युनिटको स्थापना ।

वातावरण तथा विपद् व्यवस्थापनः

हरियाली प्रबर्द्धन, प्राकृतिक स्वच्छता तथा सुन्दरता कायम गर्ने कार्यलाई प्राथमिकता दिईनेछ। विकास निर्माण कार्य संचालन गर्दा दिगो विकास तथा हरित विकास नीति अवलम्वन गरिनेछ।

बृक्षारोपण, नदी नियन्त्रणका लागि तटबन्ध निर्माण, जलवायु अनुकुलनका कार्यक्रमहरु संचालन गरिनेछ।

गाउँपालिका स्तरिय विपद प्रतिकार्य योजना तयार गरि लागु गरिनेछ। विपद व्यवस्थापन कोष स्थापना गरि कार्यविधि बनाई संचालन गरिनेछ।

विपद तथा प्रकोप प्रभावितहरुलाई तत्काल उद्दारका लागि QRT (Quick Response Team) प्रत्येक वडामा गठन गरिनेछ।

चरिचरन व्यवस्थापन, डढेलो तथा प्रकोप नियन्त्रणका लागि वन संरक्षण सम्बन्धि कार्यक्रम बनाई लागु गरिनेछ।

फोहोर उत्पादनलाई न्युनिकरण गर्दै उत्पादित फोहोरको वर्गिकरण गरि पुनः प्रयोगमा जोड दिईनेछ। व्यवस्थित डम्पिङ साईटको निर्माण गरि फोहोरबाट उर्जा उत्पादनको सम्भाव्यता अध्ययन गरिनेछ। साथै यस गाउँपालिका अन्तर्गत संचालित योजनाहरुको प्रभावकारी अनुगमन गर्न संयन्त्र बनाईनेछ।

ढुङ्गा गिट्टी तथा बालुवाको जथाभावी उत्खनन् वाट भौतिक संरचना तथा वातावरणमा प्रतिकुल असर पर्न गएकाले सो कार्यलाई निरुत्साहीत गर्न आवश्यक कदम चालिने छ । विश्वव्यापिकरणले भित्र्याएका प्रविधिहरुलाई अवलम्वन गर्दै स्थानीय मौलिक सिपको वजार विस्तारमा जोड दिइनेछ।

**चुनौतीहरु**

करिव दुई दशक स्थानिय निकायहरुले जनप्रतिनिधि विहिन अवस्था पार गर्नुपर्यो । विकास निर्माणका कार्यले अपेक्षाकृत रुपमा गति लिन सकेननन् । तसर्थ विगतमा जनप्रतिनिधि विहिन राज्य संयन्त्रले सिर्जना गरेको नेतृत्व तह र जनता वीचको दुरी कम गर्न पर्याप्त समय र परिश्रम खर्चिनु पर्ने अवस्था रहेको छ । संघियताको कार्यान्नवयन सँगै स्थानिय तहमा प्राप्त भएको गहन जिम्मेवारीलाई सम्बन्धित सवै पक्षको समन्वय र सहकार्यमा सपःल अवतरण गराउनुपर्ने छ । विगतमा विविध कारणवाट वहिष्करण र बन्चितिकरणमा परि विकासको मुलप्रवाहमा अउन नसकेका जाति वर्ग समुदाय र सम्प्रदायका मानिसलाई राज्यको मुल प्रवाहमा ल्याई उनिहरुको पहिचान पहुँच र प्रतिनिधित्वलाई सुनिश्चित गर्ने कार्य झनै चुनौतीपुर्ण रहको छ । केन्दिय सरकारले तय गरेका राष्टिय लक्ष्य दिगो विकास लक्ष तथा नेपाल सरकारले अन्तराष्टिय जगतमा गरेका प्रतिवद्दता अनुरुपमा उपलब्धि हाँसिल गर्ने कार्य पनि चुनौतीपुर्ण छ । साथै वास्तविक भुकम्प पिडितको पहिचान गरि उनीहरुले पाउने राहत तथा क्षतिपुर्तिको सनिश्चित गर्ने कार्य पनि चुनौतीपुर्ण रहेको छ ।

आदारणिय जनसमुदाय,

माथि उल्लिखित चुनौतीहरुको अतिरिक्त अहिलेको हाम्रो प्रमुख चुनौती भनेको जनताका आधारभुत आवश्यकताको सुनिश्चित गर्दै स्थानिय सरकारको उपस्थितिको बोध गराउनु नै हो ।

**सम्भावना**

गाउँपालिकाको समग्र कषि क्षेत्रको सम्भावनालाई मध्यनजर गर्दा वडा नं ६, ७ र ८ मा आलुखेती त्यसै गरी वडा नं १, २, ३, ४ र ५ मा धान तथा व्यवसायीक तरकारी खेतीको प्रचुर सम्भावना रहेको छ। त्यसैले सहकारी मार्पःत कषिको आधुनिकिकरण गर्नु जरुरी रहेको छ ।

उद्योग तर्फ दृष्टिगत गर्दा यस क्षेत्रमा जडिवुटी खोटो लगाएत वन पैदावारमा आधारीत उद्योगको विकास र विस्तार गर्न सक्ने सम्भावना प्रचुर मात्रामा देखिन्छ ।

यस गाउँपलिका क्षेत्र भित्र मोलुङ लगाएतका खोला नाला रहेकोले जलविद्युत सिंचाई तथा खानेपानीको व्यवस्थापन गर्न सक्ने सम्भावना देखिन्छ ।

त्यसै गरि वडा नं १ मा रहेको कुन्तादेवी मन्दिर वडा नं ४ हर्कपुरमा रहेको जलजलेश्वर मन्दिर वडा नं ७ मा रहेको पात्ले गुम्वा र त्यहाँवाट देखिने

हिमालको मनोरम दृष्य वडा नं ८ राँगादिपमा रहेको सेप्ली छाँगोको प्रचार प्रसार द्वारा आन्तरिक तथा वाह्य पर्यटनको प्रवर्दन गर्न सक्ने सम्भावना देखिन्छ ।

**<u>अपेक्षित उपलब्धि</u>**

आ०ब० २०७४/७५ को अन्त्य सम्ममा देहायका उपलब्धिहरु हाँसिल गर्न सकिने अपेक्षा गरिएको छ ।

सडक सञ्जालको विस्तार स्तरोन्नति तथा सुरक्षित गुणस्तरिय र भरपर्दो यातायातको पहुँचमा अभिबृदि भएको हुनेछ ।

गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुका भौतिक संरचनाहरुको निर्माणकार्य सुरु भई सरल सुलभ र जनमुखि भएको हुनेछ ।

मोलुङ गाउँपालिकाका सवै क्षेत्रमा विद्युत सेवाको सुनिश्चितता प्रदान गर्ने कार्यले तिव्रता प्राप्त गरि जलविद्युत उत्पादनमा उल्लेख्य प्रगती हाँसिल भएको हुनेछ ।

मोलुङ गाउँपालिका क्षेत्रमा स्वास्थ्य तथा शिक्षा क्षेत्रमा देखिएका कमि कमजोरीहरुलाई निवारण गर्दै गुणस्तरिय स्वास्थ्य सेवा तथा शिक्षाको व्यवस्था उपलव्ध हुनेछ ।

सार्वजनिक सेवालाई चुस्त दुरुस्त पारदर्शी जवापःदेहि बनाउन गुनासो सुनुवाई संयन्त्रलाई प्रभावकारी बनाईनेछ ।

विपत् व्यवस्थापन पुर्व तयारी तथा प्रतिकार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिएको हुनेछ ।

मोलुङ गाउँपालिकामा गरिदै आएको परम्परागत कृषि प्रणालीमा सुधार ल्याईनेछ जसवाट कृषक, युवा, लक्षित वर्ग लाभान्वित हुनेछन् ।

अपेक्षित उपलब्धि हासिल गर्न यहाँहरुको अमुल्य सहकार्य तथा आम मोलुङवासिको सहभागिताले मात्र संभव हुने कुरा अवगत नै छ। तसर्थ यहाँबाट संचालन गरिने हरेक क्रियाकलापहरुमा साथ र सहयोगको अपेक्षा सहित विदा हुन्छु ।

धन्यवाद।